# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७५

## (भू तथा जलाधार व्यवस्थापनसँग सम्वन्धित)

आ.व. २०७५/०७६

(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर)
निर्णयबाट मिति २०७५।९।२० मा स्वीकृत)

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर, नेपाल

२०७५

बद्रीराज ढुंगाना
प्रदेश सचिव

विषय सूची

प्रदेश सरकार पर्यटन,वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल


१. पृष्ठभूमि ........ १

२. दूरदृष्टि (Vision) ........ २

३. लक्ष्य (Goal) ........ २

४. उद्देश्य (Objective) ........ २

५. रणनीति ........ २

६. कार्यनीति ........ २

७. कार्य संचालन प्रकृया ........ ३

८. सम्पर्क कार्यालय ........ ५

९. आ. व. २०७५/०७६ को जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम ........ ५

१०. कार्यक्रम कार्यान्वयन विधि ........ ६

१०.१ जलाधार/ उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमाको कार्यविधी ........ ६

१०.२. योजना तर्जुमा, क्षमता विकास तथा समन्वय गोष्ठीको कार्यविधी ........ ७

१०.३. जोखीम क्षेत्र पहिचान, प्राथमिकीकरणर नक्साङ्कन (Hot spot / Hazard zoning / Prioritization/ Mapping) कार्यविधी ........ ८

१०.४ जलाधार/ उपजलाधार/ नदी प्रणालीगत रुपमा स्थानीय तहहरुको नक्साङ्कन तथा अध्ययन अनुसन्धान कार्यविधी ........ ८

१०.५. एकिकृत भू-स्खलन नियन्त्रण ........ ९

१०.६. सडकसँग भू-संरक्षण ........ १०

१०.७. शहरी क्षेत्रमा जल उपयोगको लागि जलाधार व्यवस्थापन ........ ११

१०.८. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन ........ १२

१०.९. सिमसार क्षेत्र पहिचान तथा ब्यवस्थापन ........ १२

१०.१०. जलबिद्युत जलाशयको जलाधार संरक्षण ........ १३

१०.११. पर्यापर्यटनका लागि जलाधार व्यवस्थापन ........ १४

१०.१२. जलवायु अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village) ........ १५

१०.१३. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण ........ १५

१०.१४. आकस्मिक भू-संरक्षण कार्यक्रम ........ १६

१०.१५. विरुवा उत्पादन/ खरिद तथा वितरण ........ १७

१०.१६. भूमि उत्पादकत्व संरक्षण ........ १७

१०.१७. चुरे तथा नदी प्रणाली संरक्षण ........ १८

१०.१८. सुख्खाग्रस्त क्षेत्र ब्यवस्थापन तथा पानी श्रोत संरक्षण ........ १८

११. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख ........ २०

१२. अनुगमन तथा मूल्यांकन ........ २०

१३. बार्षिक प्रगति प्रतिवेदन (Progress Report) ........ २०


बद्रीराज ढुंगाना
प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

## १. पृष्ठभूमि

उच्च हिमाल, महाभारत तथा चुरे श्रृंखला र समथर तराई जस्ता भौगोलिक विविधता भएको यस प्रदेशमा ५०० भन्दा वढी नदीनालाहरु छन् । बढी मात्रामा भिरालो जमीन र तिव्र मनसुनी वर्षा तथा छोटो दुरीमै तिव्र धरातलीय उचाइ हुदै वग्ने नदी नालाहरुका कारण भूमीको क्षय यस प्रदेशमा देशको अन्य भागको तुलनामा वढी रहेको अनुमान छ ।

देशका अन्य क्षेत्रको जस्तै जैविक विविधता, पुरातात्विक महत्व, भूमिगत जलसंचयको आधार लगायत विभिन्न दृष्टिकोणले यस प्रदेशमा पनि चुरे क्षेत्रले विशेष महत्व राख्दछ । अत्यन्त कमलो भौगर्भिक वनावट र तुलनात्मक रुपमा वढी वर्षा जस्ता प्राकृतिक प्रकोपहरु-कारणहरु तथा प्राकृतिक स्रोतहरुको अत्याधिक दोहन लगायतका मानवीय कारणहरुले गर्दा यस क्षेत्रमा जमीनको बढी क्षति हुन गएकोछ ।

चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक वाढी आउने, भू-क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरे तराई मधेशमा देखिएका छन् । यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठूलो जोखिम निम्त्याइरहेको छ । प्रदेशका अन्य भौगोलिक क्षेत्रहरुमा पनि कुनै न कुनै रुपमा यी समस्याहरु विद्यमान छन्  जसले गर्दा हाम्रा प्राकृतिक श्रोतहरुमा क्रमिक रुपमा क्षति पुगिराखेको छ ।

प्राकृतिक स्रोतहरुको वैज्ञानिक व्यवस्थापन कुनैपनि मुलुकको समृद्धिको प्रमुख आधार हो । यही यथार्थलाई मनन गरी यस प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम (बुंदा नं. ३६) मा प्रदेशभित्र रहेका सबै जलस्रोत सम्बन्धी तथ्याङ्क अद्यावधिक गरी जलस्रोतको उपयोग गर्ने नीति अवलम्वन गर्ने व्यहोरा उल्लेख छ । त्यसै गरी प्रदेश सरकारको बजेट तथा कार्यक्रममा एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी प्रदेशका ठूला र अन्य महत्वपूर्ण नदी, ताल तथा सिमसार र जलाधार क्षेत्रको विशेष संरक्षण गर्न जोड दिईएको छ । जलवायु परिवर्तनबाट पर्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि भूमिगत जलभण्डार, वर्षाको पानी संकलन, पुनर्भरण एवं जलाधार तथा स्रोत संरक्षण कार्यक्रम संचालन गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अघि बढाउने जस्ता कार्यक्रमहरु बजेट कार्यक्रमले अगाडी सारेकोछ । तदनुरुप यस प्रदेश सरकारबाट जलाधार ब्यावस्थापन कार्यको लागि प्रदेशस्तरमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र अन्तरगतका जलाधार व्यवस्थापन कार्यालयहरुबाट सम्पादन गरिनुपर्ने कार्यका लागि एकमुष्ट रु २१ करोड बजेट व्यवस्था भएको छ ।

संघीय स्तरमा बृहत जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत सेवा सञ्चालनमा आएको र स्थानीय तहमा पनि जलाधार व्यवस्थापन कार्यको लागि बजेट विनियोजन भएको अवस्थामा संघ र स्थानीय दुवै तहका निकायहरुसंग सम्बन्ध र समन्वय राख्दै प्रादेशिक तहका जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले प्रदेशको भू-व्यवस्थापन योजना तर्जुमा, महत्वूपर्ण र संवेदनशील जलाधार क्षेत्रको व्यवस्थापन, पूर्वाधारहरुसंग भू-संरक्षण, जलवायु अनुकूलित नमुना गाउँ लगायत जलाधार व्यवस्थापन सम्बन्धमा स्थानीय तहलाई आवश्यक नीतिगत र प्राविधिक सहयोग र परामर्श सेवा प्रदान जस्ता कार्यहरु सम्पादन गर्नुपर्ने देखिन्छ । अतः चालु आ.व.मा विनियोजित वजेट बाट एकिकृत जलाधार व्यवस्थापनको प्रभावकारी सेवा प्रवाह गर्न उपयुक्त कार्यक्रम छनौट गरी सहज र सरल रुपमा कार्यन्वयनमा ल्याउन यो जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम कार्यान्वयन मार्गदशर्शन, २०७५ तयार गएिकोछ ।



भद्रीराज दुंगाना
प्रदेश सचिव